प्रदेश सरकार
प्रदेश नं. २
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र, पर्सा

वीरगंज

## प्राङ्गारिक मल आपुर्तिका लागिप्रस्तावसहितउत्पादक, डिलर सूचिकृत हुने सूचना

## प्रथम पटक प्रकाशित मितिः २०७७/१०/१७

यस केन्द्रको आ.व. २०७७/०७८ को स्विकृत वार्षिक कार्यक्रम अनुसार ७५ प्रतिशत अनुदानमा प्राङ्गारिक मल वितरण गर्ने कार्यक्रम रहेकोमा इच्छुक आपुर्तिकर्ताले के-कति दररेटमा उल्लेखित मल उपलब्ध गराउने हो सो उल्लेख गरि सूचना प्रकाशित भएको मितिले १५ औ दिन दिनको १२ बजे भित्र यस केन्द्रमानिम्न बमोजिमको शर्तहरू पालना हुने आधार सहितभूमि व्यावस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. २ को प्राङ्गारिक मल अनुदान कार्यविधि २०७६को अनुसूची-५, बमोजिमको ढाँचामा सिलवन्दी निवेदन/प्रस्ताव पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

<u>तपसिल:</u>

१. फर्म/कम्पनी दर्ता, नविकरण, आ.व.२०७६/०७७को कर चुक्ताको प्रमाणपत्र ।

२. प्राङ्गारिक मल तथा जैविक मल नियमन कार्यविधि २०६८ (संसोधन सहित) बमोजिम दर्ता भएको ।

३. आपुर्ति गर्ने प्राङ्गारिक मलको आधिकारीक प्रयोगशालाबाट जारी भएको प्रयोगशाला परिक्षण रिपोर्ट ।

४. मलको बोरा/प्याकेजमा व्यापारिक नाम (Trade Name), मलको उत्पादन र खपत गरिसक्नु पर्ने मिति, ब्याच नं. र तौल प्रष्टरूपमा देखिने बोरा/प्याकेजको नमुना ।

५. भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं.२को प्राङ्गारिक मल अनुदान कार्यविधि २०७६को परिच्छेद-३को दफा ५ को उपदफा १ बमोजिम मापदण्ड पुरा भएको हुनु पर्नेछ ।

६. पर्सा जिल्ला भित्र वीरगंज, पोखरिया, महुवन, सेढवा, विरूवागुठी आदि वितरण स्थानका लागि ढुवानी समेत के-कति दररेट र कुन डिलर मार्फत आपुर्ती गर्ने हो सो खुलाई पेश गर्नु पर्ने छ ।

७. प्रथम पटक सुचना प्रकाशित मितिले १५ औं दिनको १२.०० बजेसम्म कार्यालयमा दाखिला गर्नुपर्ने छ । यदि उक्त दिन बिदा पर्न गएमा सोको भोली पल्ट निर्धारित समयमानै कार्यालयमा दाखिला गरिसक्नुपर्नेछ । शिलवन्दी प्रस्ताव कार्यालय प्रतिनिधि र प्रस्तावकर्ता वा निजको प्रतिनिधिको रोहवरमा सोही दिनको अपरान्ह २.०० बजे कार्यालयमा खोलिनेछ । प्रस्तावक वा निजको प्रतिनिधि उपस्थित नभएपनि निवेदन/प्रस्ताव खोल्न बाधा पर्नेछैन । म्याद नाघी आएको, रित नपुगेको र सर्त राखिएको प्रस्ताव उपर कनै कारवाही गरिने छैन ।

८. प्रस्ताव स्वीकृत गर्ने, नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ

९. थप जानकारीका लागि यस केन्द्रमा सम्पर्क राख्न सकिने छ।

१०. यसमा उल्लेख नभएका अन्य कुराहरू प्राङ्गारिक मल तथा जैविक मल नियमन कार्यविधि २०६८ (संसोधन सहित), भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं.२को प्राङ्गारिक मल अनुदान कार्यविधि २०७६ तथा प्रचलित कानुन बमोजिम हुनेछ ।

२०७७/१०/१६

..............................

मुन्नीलाल प्रसाद

नि. प्रमुख

मुन्नीलाल प्रसाद
कृषि प्रसार अधिकृत (आठौं तह)
नि. केन्द्र प्रमुख